नेपाली / *NEPALI*

दोस्रो र तेस्रो शिफ्ट कर्मचारी सम्मान कार्यक्रम

बुधबार, मे १४, २०२५ तारिखको राति १०:३० बजेबाट १२:३० बजेसम्म *Dejope Residence Hall* को *Lake Mendota Room* मा दोस्रो र तेस्रो शिफ्टका कर्मचारीहरूलाई सम्मान गर्न विशेष कार्यक्रम घोषणा गर्न *UW–Madison* उत्साहित छ।

यस कार्यक्रमले दिनको समयमा क्याम्पसमा अध्ययन गर्ने, अनुसन्धान गर्ने र काम गर्नेहरूका लागि परिचालनहरू राम्रोसँग चल्ने कुरा सुनिश्चित गर्न पर्दा पछाडि काम गर्ने यी अत्यावश्यक कर्मचारीहरूको योगदानलाई सम्मान गर्नेछ।

कर्मचारीहरूले खाना बफे र सहकर्मीहरूसँग घुलमिल हुने मौका पाउनुहुनेछ। *Lot* 34, 37, 57, 58, र 59 मा राति ९:३० बजेदेखि १ बजेसम्म नि:शुल्क पार्किङ्ग पाइनेछ। *Service* पर्मिट वा राज्यका सवारीहरू लिएर आउने व्यक्तिहरूले *Lot* 67 (*Linden* ग्यारेज) मा पार्किङ्ग गर्न सक्नेछन्। *Dejope* को छेउ *Observatory* मा रोकिने ८० नम्बरको बस चढेर आउन कर्मचारीहरूलाई प्रोत्साहन गरिन्छ।

"यस कार्यक्रमले हाम्रो उद्देश्यको समर्थनमा हाम्रो क्याम्पस सुचारु रूपमा चल्ने सुनिश्चित गर्न काम गर्ने कर्मचारीहरूको प्रतिबद्धतालाई स्वीकार र सम्मान गर्दछ," अर्थ र प्रशासनका उपकुलपति Rob Cramer ले भन्नुभयो। "यस कार्यक्रम *UW–Madison* ले प्रत्येक दिन दोस्रो र तेस्रो शिफ्टका कर्मचारीहरूले गर्ने उत्कृष्ट कामको लागि धन्यवाद दिन सक्ने तरिकाहरू मध्ये एक हो।"

स्पैनिश, मङ्ग, तिब्बती, चिनियाँ र नेपाली भाषाहरूमा अनुवादहरू प्रदान गरिनेछ। यस कार्यक्रममा अङ्ग्रेजी भाषाको प्रत्यक्ष उपशीर्षक अनुवादन पनि हुनेछ। यदि तपाईंलाई अन्य व्यवस्थाहरू आवश्यक भएमा, कृपया vcfa@vc.wisc.edu मा अर्थ र प्रशासन कार्यालयमा सम्पर्क गर्नुहोला।

Dejope Residence Hall मा बिजुलीबाट खुल्ने ढोकाहरूको बटन थिचेर व्हीलचेयर पहुँचयोग्य छ। *Lake Mendota Room* भुईं तल्लामा छ र त्यहाँ पहुँचयोग्य शौचालयहरू उपलब्ध छन्।

कर्मचारीहरूले कामको तलब कमाउने समयमा उपस्थित हुन पाउनुहुनेछ। सो समयमा काम नभएका कर्मचारीहरू पनि उपस्थित हुन सक्नुहुनेछ तर उपस्थित भए बापत तलब आउँदैन।

हामीसँग सामेल हुन चाहनुहुने कर्मचारीहरूले आफ्नो सुपरभाईजरसँग कुराकानी गर्नुपर्नेछ र सुपरभाईजरहरूले सबै कर्मचारीहरू सामेल हुन सक्नुहुनको लागि योजना बनाउन र लचिलोपना देखाउनुहुने अपेक्षा गरिन्छ।